# वैदेशीक रोजगारीले उनीहरूको पारिवारीक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव (थुमी गा.वि.स, गोरखा)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग,अर्थशास्त्र शिक्षा विभाग, स्नाकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**


प्रस्तुतकर्ता

संगीता पौड्याल

स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्ष

परीक्षा क्रमाङ्क : २८०२७९/०६९

त्रि.वि. दर्ता नम्बर : ९-२-६४५-२५-२००७

भर्ना वर्ष : २०६८



शिक्षा शास्त्र केन्द्रीय विभाग

अर्थशास्त्र शिक्षा विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

२०७४

त्रिभुवन विश्वविद्यालय
शिक्षा शास्त्र संकाय
शिक्षा शास्त्र केन्द्रीय विभाग
TRIBHUVAN UNIVERSITY
FACULTY OF EDUCATION
CENTRAL DEPT. OF EDUCATION

विश्वविद्यालय क्याम्पस
कीर्तिपुर, काठमाडौं, नेपाल
फोन नं.: ४३३१३३७

UNIVERSITY CAMPUS
Kirtipur, Kathmandu, Nepal
Tel. No.: 4331337

पत्र संख्या:-
Ref.

मिति:
Date:

## सिफारिस पत्र (RECOMMENDATION LETTER)

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत अर्थशास्त्र शिक्षाविषयको स्नातकोत्तर तह एम.एड दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि **वैदेशीक रोजगारले उनीहरूको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव थुमी गा.वि.स, गोरखा** शीर्षकमा छात्रा संगिता पौड्यालले मेरो निर्देशन सुपरिवेक्षक र सुझावमा यो शोध पत्र तयार पार्नुभएको हो । यो शोधपत्र स्वीकृतिका लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

..................................

उप.प्रा. मीनराज पौडेल
शोध निर्देशक
शिक्षाशास्त्र केन्द्रीय विभाग
अर्थशास्त्र शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर, काठमाडौं

मिति :

त्रिभुवन विश्वविद्यालय
शिक्षा शास्त्र संकाय
शिक्षा शास्त्र केन्द्रीय विभाग
TRIBHUVAN UNIVERSITY
FACULTY OF EDUCATION
CENTRAL DEPT. OF EDUCATION

विश्वविद्यालय क्याम्पस
कीर्तिपुर, काठमाडौं, नेपाल
फोन नं.: ४३३१३३७

UNIVERSITY CAMPUS
Kirtipur, Kathmandu, Nepal
Tel. No.: 4331337

पत्र संख्या:-
Ref.

मिति:.............................
Date:

## स्वीकृति पत्र (APPROVAL LETTER)

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र केन्द्रीय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विषयको स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि संगीता पौड्यालद्वारा प्रस्तुत **वैदेशीक रोजगारले उनीहरूको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव थुमी गा.वि.स, गोरखा** शीर्षक शोधपत्र स्नातकोत्तर तह उपाधिका लागि स्वीकृत गरिएको छ :

| मूल्याङ्कन समिति | | हस्ताक्षर |
|---|---|---|
| १. | विभागीय प्रमुख | ...............................<br>उप.प्रा. मीनराज पौड्याल |
| २. | वाह्य परीक्षक | ...............................<br>प्रा.डा. महेशराज दाहाल |
| ३. | शोध निर्देशक | ...............................<br>उप.प्रा. मीनराज पौड्याल |

मिति :

# कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENT)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा सनातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि वैदेशिक रोजगारले उनीहरूको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययन :थुमी गाउँ विकास समिति, गोरखा शीर्षकको शोधपत्र तयार पारेको छु । यस अध्ययनले वैदेशि रोजगारीसँग सम्बन्धित विषयमा जानकारी लिन इच्छुक व्यक्ति, अनुसन्धानकर्ता नीति निर्मातालाई समेत सहयोग पुग्ने भन्ने आशा लिएको छु ।

सर्वप्रथम यो शोधपत्र लेखनका क्रममा शोधपत्र प्रस्तावना स्वीकृत गरी शोधपत्र लेख्न सुअवसर प्रदान गरिदिनु भएको र शोधपत्र लेखनकार्यको क्रममा आफ्ना अमुल्य समय दिएर मार्गदर्शन गर्नु हुने मेरा आदरणीय गुरु उप.प्रा. मिनराज पौड्यालज्यूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अर्थशास्त्र शिक्षा विभागका विभागीय प्रमुख ज्यूलाई पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै अर्थशास्त्र शिक्षा विभागका मेरा सम्पूर्ण गुरुज्यूहरू प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मलाई विभिन्न समस्याका बाबजुद पनि स्नातकोत्तर तह पुरा गर्नको लागि सुझाव, सल्लाह र सहयोग गर्नुहुने मेरो परिवारजन प्रति आभारी छु । त्यस्तै तथ्याङ्क सङ्कलन र सूचना सङ्कलन कार्यमा प्रत्यक्ष सहयोग गर्नुहुने गा.वि.स. सचिव ज्यू, श्री गण्डकी मा.वि. का विद्यालयका प्र.अ. गोविन्द नेपाली ज्यू र गण्डकी मा.विका विद्यार्थीहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

संगीता पौड्याल
शोधकर्ता

मिति :

# सारसंक्षेप (ABSTRACT)

प्रस्तुत शोधपत्र वैदेशिक रोजगारले उनीहरूको पारिवारीक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययन : थुमी गाउँ विकास समिति, गोरखा शीर्षकमा तयार गरिएको हो । अध्ययनको उद्देश्य वैदेशिक रोजगारीका लागि दुवई, कतार, मलेसिया साउदी अरब र दक्षिण कोरिया जानुपर्ने कारण पत्ता लगाउनु र वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका समस्याको अध्ययन गरी समाधानको उपाय पत्ता लगाउनु, कामदारहरूको स्वदेशमा सिकेको सिप र विदेशमा सिकेको सिपको सम्बन्धमा व्याख्या गर्नु वैदेशिक रोजगारीबाट प्राप्त आयले आर्थिक क्षेत्र तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु यस शोध पत्रको उद्देश्यहरू रहेका छन् ।

कूल २६० जना मध्येबाट संगणना विधिको छनौट गरी २०० जनालाई लिइएको छ र यिनीहरूको तथ्याङ्क सङ्कलनका लागि प्राथमिक स्रोतको रूपमा वैदेशिक रोजगारीमा गएर फर्कीएका व्यक्ति र उनीहरूको परिवारलाई प्रश्नावली र अन्तवार्ता आदिको सहायताले तथ्याङ्क सङ्कलन गरिएको छ भने द्वितीय तथ्याङ्कको स्रोतको रूपमा गा.वि.स. जि.वि.स. आदिमा पाइने तथ्याङ्कहरू स्थानीय शिक्षकहरू राजनीतिज्ञ आदिबाट तथ्याङ्क लिइएको छ । संकलित तथ्याङ्कको आधारमा विश्लेषण गर्दा विप्रेषणले, व्यक्तिहरूको आधारभूत आवश्यकता परिपूर्ति गर्नुका साथै शिक्षा स्वास्थ्य जस्ता कुरामा सकारात्मक विचार बढ्नका साथै पहुँच पनि बढाएको छ । नमुना छनोट क्षेत्रको जनसङ्ख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी वडा नं. ५ बाट घरपरिवार छनोटमा परेको छ । उमेरगत रुपमा वैदेशिक रोजगारीमा सहभागिता हेर्दा सबैभन्दा बढी २६ वर्ष देखि ३५ वर्ष उमेर समूहका सहभागीहरू बढीरहेको पाइयो । वैदेशिक रोजगारीमा जाने देशहरूमा मलेसियामा सबैभन्दा बढी कुल सहभागीहरू मध्ये ३०.५० प्रतिशत गएको पाइयो । वैदेशिक रोजगारीमा सहभागीको वैवाहिक स्थितिलाई हेर्दा ६३ प्रतिशत विवाहित र ३७ प्रतिशत अविवाहित रहेको पाइयो । वैदेशिक रोजगारमि सहभागी मध्ये सबैभन्दा कम दलित जातिको १२.७ प्रतिशत रहेको छ भने बढी जनजाति ३५.८ प्रतिशत रहेको छ ।

वैदेशिक रोजगारीमा संलग्न घरपरिवारको आर्थिक अवस्थाको अध्ययन गर्दा वैदेशिक रोजगारीमा जानुपूर्व कृषि पेशालाई मुख्य पेशाका रुपमा अवलम्बन गरेको पाइन्छ । साथै पारिवारिक वार्षिक आम्दानी १,९२,११,०००/- र औषत आम्दानी ९६,०५५/- रहेको पाइयो

। वैदेशिक रोजगारी पश्चात् वैदेशिक रोजगारी मुख्य पेशा र सहायकमा कृषि, व्यापार आदि रहेको पाइयो । कुल आम्दानी ७,९८,००,०००/- र औषत आम्दानी, ३,९९,००० रहेको पाइयो । वैदेशिक रोजगारपूर्व भन्दा पश्चातका् आम्दानीमा वृद्धि भएको देखिन्छ । वैदेशिक रोजगार पूर्व आम्दानी भन्दा खर्च बढी वा ऋणको अवस्थामा पाइयो भने पश्चात् आम्दानी भन्दा खर्च कम भई बचतको अवस्थामा पाइयो । नमुना छनौटमा परेका व्यक्तिहरूको वैदेशिक रोजगारीमा जानुपूर्व उपयोगमा ६२.३ प्रतिशत, शिक्षामा ७.८ प्रतिशत, स्वास्थ्य ७.८ प्रतिशत, चाडपर्वमा ६.६ प्रतिशत र अन्यमा १५.६ प्रतिशत खर्च गरेको पाइयो । वैदेशिक रोजगारी गएपछि उनीहरूको उपभोगमा ४२.४ प्रतिशत, शिक्षामा १२.१ प्रतिशत स्वास्थ्यमा ६.१ प्रतिशत, चाडपर्वमा ३०.३ प्रतिशत र अन्य क्षेत्रमा ९.१ प्रतिशत खर्च गरेको पाइयो ।

वैदेशिक रोजगारीमा संलग्न युवाहरूलाई हेर्दा सबै भन्दा बढी नि.मा.वि. शिक्षा हासिल गर्ने ५५.९ प्रतिशत रहेको पाइयो भने उच्च शिषा हासिल गर्ने १०.१ प्रतिशत रहेको पाइयो । वैदेशिक रोजगारीमा संलग्न घर परिवारको बालबालिकाहरूलाई अध्ययन गर्दा वैदेशिक रोजगार पूर्व ८९.४ प्रतिशत सरकारी विद्यालयमा अध्ययन गर्दथ्यो भने १०.६ प्रतिशत नीजिका विद्यालयमा अध्ययनरत छन् भने पश्चात् ४२.६ प्रतिशत सरकारी विद्यालयमा र ५७.४ प्रतिशत निजी विद्यालयमा अध्ययनरत रहेका छन् । वैदेशिक क्षेत्रबाट प्राप्त आम्दानीले बालबालिकाको शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पारेको देखिन्छ । वैदेशिक रोजगारीमा जानुपूर्व शिक्षामा लगानी ७.८ प्रतिशत रहेको छ भने पश्चात् १२.१ प्रतिशत रहेको छ ।

नमुना छनौटमा परेका व्यक्तिहरू वैदेशिक रोजगारीमा जानुको कारणमा आर्थिक कारणमा ५०.८ प्रतिशत, शैक्षिक कारणले १९.४ प्रतिशत पारिवारिक कारण १२.७ प्रतिशत, सामाजिक कारण ६.७ प्रतिशत राजनैतिक कारणमा १०.४ प्रतिशत पाइयो । विदेशमा रहँदा कामदारको सुरक्षात्मक स्थिति अन्तर्गत जीवन बिना गर्ने ५०.८ प्रतिशत, औषधि उपचारको सुविधा पाउने १३.८ प्रतिशत रहेको पाइयो । वैदेशिक रोजगारमि देखिने समस्याहरूमा मेनपावर र दलालले दुःख दिनु श्रम शोषण शारीरिक शोषण, कार्य गर्दा आफ्नो् शरीरको जोखिम जस्ता समस्याहरू देखियो ।

जसबाट प्रष्ट छ वैदेशिक रोजगारी पश्चात उनीहरूको आर्थिक स्थितिम सुधार  भएको छ। जसको फलस्वरूप शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा पहुँच बढेको पाइन्छ । वैदेशिक रोजगारीको क्षेत्रमा विभिन्न समस्याहरू देखिए पनि औषत रूपमा हेर्दा यसले शिक्षामा पहुँच बढाएको आर्थिक स्थितिमा सुधार आएकोले देखिएको छ । यसरी व्यक्तिको आधारभूत आवश्यकता परिपूर्ति देखि लिएर देशको अर्थतन्त्रलाई समेत मजबुत बनाउन ठूलो हिस्सा ओगटेको वैदेशिक रोजगारीलाई सरकारी क्षेत्रबाट नै नीति निर्माण गरी सुरक्षित बनाउन पहल गर्नु पर्छ। समय र बाध्यताले विभिन्न देशमा फसेका कामदारको उदार गर्ने र अंग-भंग भएका र कामका क्रममा ज्यानै गुमाएका परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने देखिन्छ।

# विषय सूची (TABLE OF CONTENTS)


सिफारिस पत्र (Recommendation Letter) i

स्वीकृति पत्र (Approval Letter) ii

कृतज्ञता ज्ञापन (Acknowledgements) iii

सारसंक्षेप (Abstract) iv

विषय सूची (Table of Contents) vii

तालिका सूची (List of Tables) xii

**अध्याय एक (CHAPTER ONE)**

१. परिचय (Introduction) १

१.१ अध्ययनको पृष्ठभूमि (Background of the Study) १

१.२ समस्याको कथन (Statement of the Problem) ५

१.३ अध्ययनको उद्देश्य (Objective of Study) ७

१.४ अनुसन्धान प्रश्न (Research Question) ७

१.५ अध्ययनको महत्त्व (Significance of the Study) ८

१.६ अध्ययनको सीमाहरू (Limitation of the Study) ९

१.७ अध्ययनको संगठन (Organization of the Study) १०

१.८ मुख्य शब्दावलीहरूको परिभाषा (Defintion of the Key Terms) १०

**अध्याय दुई (CHAPTER TWO)**

२. सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा (Review of Related Literature and Conceptual Framework) ११

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature) ११

२.२ पूर्वा अनुसन्धानात्मक साहित्यको पुनवरालेकन (Review of Literature of Previous Study) १६

२.३ प्रस्तुत अध्ययनमा पूर्व अध्ययनको प्रयोग (Implications of the Review for the Study) १९

२.४ अनुसन्धान अन्तर (Research Gap) २१

२.५ अवधारणात्मक ढाँचा (Conceptual Framework) २२

२.६ कार्यात्मक अवधारणा (Functional Framework) २३

**अध्याय तीन (CHAPTER THREE)**

३. अनुसन्धान विधि तथा ढाँचा (Research Method and Design) २४

३.१ अध्ययनको ढाँचा (Research Design) २४

३.२ तथ्याङ्क संकलनका स्रोतहरू (Sources of Data Collection) २४

३.२.१ प्राथमिक तथ्याङ्कको स्रोत (Source of Primary Data) २४

३.२.२ सहायक तथ्याङ्कको स्रोत (Source of Secondary Data) २५

३.३ जनसंख्या, नमुना आकार र नमुना छनोट रणनीति (Population, Sample Size and Sampleing Strategy) २५

३.३.१ जनसंख्या (Population) २५

३.३.२ नमुनाको आकार (Sample Size) २६

३.३.३ नमूना छनोट रणनीति (Sampling Strategy) २६

३.४. अध्ययन क्षेत्र (Study Area) २६

३.५ तथ्याङ्क संकलनका साधनहरू (Tools of Data Collection) २६

३.५.१ प्रश्नावली (Questionnaire) २७

३.५.२ अवलोकन सूची (Observation List) २७

३.५.३ छलफल निर्देशिका (Discussion Guide) २७

३.६ तथ्याङ्क सङ्कलनका तरिकाहरू (Techniques of Data Collection) २७

३.६.१ अर्न्तवार्ता (Interview) २७

३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation) २८

३.६.३ लक्षित समूह छलफल (Focused Group Discussion) २८

३.७ तथ्याङ्क प्रस्तुतिकरण र विश्लेषणको तरिका (Data Analysis and Interpretation Techniques) २८

**अध्याय चार (CHAPTER FOUR)**

४. परिणामको व्याख्या र विश्लेषण (Analysis and Interpretation of the Result ) २९

४.१. गोरखा जिल्लाको एक परिचय (Introduction of the Gorkha District) २९

४.१.१ भौगोलिक अवस्था (Georaphical Condition) २९

४.१.२ जिल्लाको जानसाङ्खिकीय अवस्था (Population Status of District) ३०
४.१.३ थुमी गा.वि.सको परिचय (Introduction of Thumi VDC) ३०
४.१.४ थुमी गा.वि.स. को आर्थिक अवस्था
(Economic Status of the Thumi VDC) ३४
४.१.५ पेशाको आधारमा जनसंख्या
(Population of VDC of Occupation) ३५
४.१.६ गा.वि.स. को धर्मको आधारमा जनसंख्या
(Population of the VDC by Religion) ३६
४.१.७ जातको आधारमा गा.वि.स.को जनसंख्या
(Poplulation of the VDC by cast) ३६
४.२ नमुना छनोट क्षेत्रको जनसंख्याको अवस्था
(Demographic Situation of Sampled Area) ३७
४.२.१ उमेरगत रूपमा वैदेशिक रोजगारीमा सहभागिता
(Agewise Participation in Foreign Employment) ३८
४.२.३ नमुना छनौटमा परेका वैदेशिक रोजगारीमा गएका कामदारहरू
(People include in Sampling selection returned foreign
Employment) ३९
४.२.३ कामदारको उमेर (Participate Age) ३९
४.२.४ वैवाहिक स्थिति (Martial Status) ४०
४.२.५ जातिगत विवरण (Castewise Description) ४१
४.३ आर्थिक अवस्था (Economic Condition) ४१
४.३.१ विदेश जानु भन्दा पहिलेको पारिवारिक आय
(Family Earning before the Foreign Employment) ४२
४.३.२ विदेश जानु भन्दा पछिको पारिवारिक आम्दानी
(Family Earning after the Foreign Employment) ४४
४.३.३ वैदेशिक रोजगारीमा जानु पर्व र वैदेशिक रोजगारीमा गएर
अपनाइएको व्यक्तिगत पेशा ४७

४.३.४ वैदेशिक रोजगारीमा जानु अघि र पछिको तहगत आम्दानी विवरण (Revenue the foreign employment) ४८
४.३.५ वैदेशिक रोजगार पूर्वको क्षेत्रगत खर्च (Foreign Employment before Sectorwise Expenditure) ४९
४.३.६ तहगत खर्च (Levelwise Expenditure) ५०
४.३. वैदेशिक रोजगारी पश्चात्को खर्च (Foreign Employment after the Expenditure) ५०
४.३.१ तहको आधारमा वार्षिक बचत अवस्था (Saving on the Basics of Level) ५२
४.४ नमूना छनोट क्षेत्रको शैक्षिक अवस्था (Educational Condition of Sample Survey Area) ५३
४.४.१ तहगत शैक्षिक अवस्था (Levelwise Education Condition) ५३
४.४.२ निजी र सरकारी विद्यालयमा अध्ययनरत बालबालिका (Educational Condition of Government and Private School's Study) ५४
४.४.३ बालबालिकाहरूको तहगत शैक्षिक विवरण (Level wise Educational Condition of Children) ५५
४.४.४ शिक्षा क्षेत्रमा गरिएको लगानी (Investment in Educational Sectors) ५५
४.४.५ वैदेशिक कामदारको शिक्षामा गरिएको लगानी प्रति धारणा (Concept towards Educational Sectors of Foreign Workers) ५६
४.४.६ लगानी पश्चात शिक्षामा परेको प्रभावको विश्लेषण (Educational Empact Analysis after input ) ५६
४.४.७ वैदेशिक रोजगारीमा जानु पर्ने कारण तथा विश्लेषण (Analysis of Causes of Foreign Employment) ५८
४.५ वैदेशिक रोजगारीमा जानुका कारणहरू (Causes of Foreign Employment) ५९
४.५.१ रोजगारीका अवसरको खोजी (To Search Job Opportunities) ५९
४.५.२ शिक्षा प्रणालीमा दोष (Fault in Education System) ६०

४.५.३ निर्वाहमुखी खेती प्रणाली (Subsistence Agriculture System) ६०
४.५.४ न्यून तलबमान (Low Level of Salary) ६०
४.५.५ सूचना तथा संचारको प्रभाव
(Effect of Information and Communication) ६०
४.५.६ सामाजिक प्रतिष्ठा कायम गर्न (To Maintain Social Dignity) ६१
४.५.७ ऋणग्रस्तताबाट मुक्ति पाउन (To Escape from Debtness) ६१
४.६ वैदेशिक रोजगारीबाट सिकेको सिप र त्यसको नेपालमा प्रयोगको विश्लेषण
(Analysis Acquired Skills and its utilization in Nepal) ६१
४.७ विदेशमा सिकेको सिप नेपालमा प्रयोग नगर्नुको कारण
(Causes not utilization of Acquired skills in Nepal) ६२
४.८ वैदेशिक रोजगारीमा सुरक्षात्मक स्थिति (Security of Foreign Employment) ६३
४.९ वैदेशिक रोजगारीमा देखा परेका समस्याहरू
(Probelm of Foreign Employment) ६४
४.१० प्राप्तिको सारांश (Summary of the Finding) ६५

**अध्याय पाँच (CHAPTER FIVE)**

५ निष्कर्ष र सुझाव (Conclusion and Recommendation) ६९
५.१ निष्कर्ष (Conclusion) ७१
५.२ सुझावहरू (Recommendation) ७१
५.२.१ निति सम्बन्धी सुझावहरू (Policy Related Recommendations) ७१
५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बसन्धत सुझावहरू
(Practice Related Recommendations) ७१
५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरू
(Further Research Related Recommendations) ७२

**सन्दर्भसूची (References)**

**अनुसूचीहरू (Appendices)**

# तालिका सूची (LIST OF TABLES)


| | | |
|---|---|---|
| तालिका ४.१ | गोरखा जिल्लाको जनसाख्यिकीय अवस्था-२०७२ | ३० |
| तालिका ४.२ | जनसाख्यिकीय स्थिति (Demographic Status of VDC) | ३१ |
| तालिका ४.३ | गा.वि.स.को शैक्षिक अवस्था (Educational Status of VDC) | ३२ |
| तालिका ४.४ | घर परिवार आम्दानी व्यायको अवस्था - २०७२ | ३४ |
| तालिका ४.५ | घर परिवार वार्षिक खर्चको अवस्था - २०७२ | ३५ |
| तालिका ४.६ | थुमी गाउँ विकास समितिमा पेशागत हिसाबले जनसंख्या-२०७२ | ३५ |
| तालिका ४.७ | गा.वि.स. को धर्मको आधारमा जनसंख्या-२०७२ | ३६ |
| तालिका ४.८ | जातको आधारमा गा.वि.स. को जनसंख्या | ३७ |
| तालिका ४.९ | परिवार सदस्य संख्या २०७२ वैदेशिक रोजगारमा गएका घरधुरी | ३७ |
| तालिका ४.१० | उमेरगत रूपमा वैदेशिक रोजगारीमा सहभागिता-२०७२ | ३८ |
| तालिका ४.११ | वैदेशिक रोजगारीमा गएका कामदारहरू-२०७२ | ३९ |
| तालिका ४.१२ | सहभागीहरूको उमेरगत विवरण | ४० |
| तालिका ४.१३ | वैदेशिक रोजगारीमा सहभागिको वैवाहिक स्थिति-२०७२ | ४० |
| तालिका ४.१४ | वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको जातीगत विवरण २०७२ | ४१ |
| तालिका ४.१५ | वैदेशिक रोजगारमि जानु अघि विभिन्न पेशाको आधारमा मा वार्षिक आम्दानी | ४२ |
| तालिका ४.१६ | स्रोतगत पारिवारिक वार्षिक आम्दानी-२०७२ | ४३ |
| तालिका ४.१७ | तहगत पारिवारिक वार्षिक आम्दानी-२०७२ | ४४ |
| तालिका ४.१८ | वैदेशिक रोजगारी पश्चात पेशागत आम्दानी - २०७२ | ४५ |
| तालिका ४.१९ | वैदेशिक रोजगार पछिको स्रोतगत पारिवारिक आम्दानी -२०७२ | ४५ |
| तालिका ४.२० | तहगत व्यक्तिगत आम्दानी-२०७२ | ४६ |
| तालिका ४.२१ | वैदेशिक रोजगारीमा जानु पूर्व र वैदेशिक रोजगारीमा गएर अपनाइएको व्यक्तिगत पेशा-२०७२ | ४७ |
| तालिका ४.२२ | वैदेशिक रोजगारीमा जानु अघिको आम्दानी अवस्था २०७२ | ४८ |
| तालिका ४.२३ | क्षेत्रमा आधारमा वर्षिक खर्च विवरण | ४९ |
| तालिका ४.२४ | तहगत वार्षिक खर्चको अवस्था | ५० |
| तालिका ४.२५ | वैदेशिक रोजगार पश्चात्को क्षेत्रगत | ५१ |

| | | |
|---|---|---|
| तालिका ४.२६ | वैदेशिक रोजगार पश्चातको तहगत खर्च-२०७२ | ५२ |
| तालिका ४.२७ | बचत अवस्था | ५२ |
| तालिका ४.२८ | तहगत शैक्षिक अवस्था-२०७२ | ५३ |
| तालिका ४.२९ | शैक्षिक अवस्था सम्बन्धी विवरण-२०७२ | ५४ |
| तालिका ४.३० | बालबालिकाहरूको तहगत शैक्षिक विवरण, २०७२ | ५५ |
| तालिका ४.३१ | वैदेशिक कामदारको शिक्षामा गरिएको लगानी प्रतिको धारणा, २०७२ | ५६ |
| तालिका ४.३२ | लगानी पश्चात् शिक्षामा परेको प्रभाव २०७२ | ५७ |
| तालिका ४.३३ | वैदेशिक रोजगारीमा जानुका कारणहरू २०७२ | ५८ |
| तालिका ४.३४ | विदेश जानु भन्दा पछि र पहिलाको सीपको अवस्था २०७२ | ६२ |
| तालिका ४.३५ | विदेशमा सिकेको सिप नेपालमा प्रयोग नगर्नुको कारण | ६२ |
| तालिका ४.३६ | कामदारहरूको सुरक्षाहरू स्थिति २०७२ | ६३ |